# शिवपुरी गाउँपालिका स्थानीय राजपत्र

शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४) शेराबगर, नुवाकोट, २०७७ साल असोज २६ गते (संख्या १**

# भाग २

# आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७७

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले,

शिवपुरी गाउँपालिकाको सालवसाली विनियोजन ऐन बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई गाउँ कार्यपालिकाको बैठकले मिति २०७७/०६/२६ मा स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. “कार्यविधि” भन्नाले शिवपुरी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

ख. “कोष” भन्नाले शिवपुरी गाउँपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

ग. “कार्यपालिका” भन्नाले शिवपुरी गाउँकार्यपालिकालाई बुझ्नुपर्छ ।

घ. “न्यून आर्थिक अवस्था” भन्नाले वार्षिक रु. २०,०००।- (बीस हजार मात्र) आम्दानी भएको परिवार सम्झनु पर्दछ ।

ङ. “जटिल तथा दिर्घ रोग” भन्नाले मुटुरोग, मृगौला सम्बन्धि रोग, क्यान्सर, पक्षघात तथा मत्सिष्कघात लगायतका रोग र नेपाल सरकारले तोकेका जटिल तथा दिर्घ रोगहरु सम्झनु पर्दछ ।

घ. "आर्थिक सहायता" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

### ३. अवधारणा

शिवपुरी गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ ।

### ४. लक्ष्य

प्राकृतिक तथा मानव सर्जित विपद्को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

### ५. उद्देश्य

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

(३) न्यून आर्थिक अवस्था भएका गरिब परिवारलाई मानवीय सहायता उपलब्ध गराउने ।

**६. नीति**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोष स्थापना

**७. कोष स्थापना:**

(१) शिवपुरी गाउँपालिका मातहत आर्थिक सहायता कोष नाम गरे को एक कोषको स्थापना हुनेछ ।

**८. कोषमा जम्मा हुने रकम:**

(१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४

## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

### ९. कोषबाट खर्च हुने क्षेत्र:

(१) कोषबाट प्राकृतिक विपद्‌बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयो ग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क्र. सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउनेराहत सामाग्री | सहयोग गर्ने रकम रु. |
| १ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा पाँच जना सम्म परिवार संख्याको लागि | पाल थाल १, खाना पकाउने तथा खाने भाँडा १ सेट, १ हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | रु. ४०,००० सम्म |
| २ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा पाँच जना भन्दा बढी परिवारको संख्याको लागि | | रु. ५०,००० सम्म |
| ३ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट पाँच जना सम्म परिवार संख्याको लागि | | रु. ३५,००० सम्म |
| ४ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट पाँच जना भन्दा बढी परिवार संख्याको लागि | | रु. २७,००० सम्म |

| | | | |
|---|---|---|---|
| ५ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | रु. १,००,००० सम्म |
| ६ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुधन (भैंसी र गाई) को मृत्यु भएमा | | रु. ६०,००० सम्म |
| ७ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुधन (भैंसी) को मात्र मृत्यु भएमा | | रु. ५५,००० सम्म |
| ८ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुधन (गाई) को मात्र मृत्यु भएमा | | रु. ४८,००० सम्म |
| ९ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुधन (गोरु, राँगा) को मात्र मृत्यु भएमा | | रु. ४०,००० सम्म |
| १० | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुधन (खसी बाखाको) को मात्र मृत्यु भएमा | | रु. ३५,००० सम्म |
| ११ | गोठ मात्र जलेर/बगेर/पुरिएर पशुधन (भैंसी र गाई) को समेत मृत्यु भएमा | | रु. ३५,००० सम्म |
| १२ | गोठ जलेर/बगेर/पुरिएर पशुधन (भैंसी) सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | | रु. ३०,००० सम्म |

| | | | |
|---|---|---|---|
| १३ | गोठ जलेर/बगेर/पुरिएर पशुधन (गाई) सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | | रु. २५,००० सम्म |
| १४ | गोठ जलेर/बगेर/पुरिएर पशुधन (गोरु, राँगा) सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | | रु. २०,००० सम्म |
| १५ | गोठ जलेर/बगेर/पुरिएर पशुधन (खसी, बाख्रा) सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | | रु. १०,००० सम्म |
| १६ | प्राकृतिक प्रकोप तथा दुर्घटनाकमा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न सहयोग | | रु. ५०,००० सम्म |

(२) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मत्सिष्कघात, गम्भिर दुर्घटनाजन्य क्षती तथा अन्य भवितव्यको प्रकृति हेरी पिडितको लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न वर्गको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु. ५०,००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ।

(३) माथि उल्लेखित विपद् तथा भवितव्यबाट निर्वाचित तथा मनो नित जनप्रतिनिधिहरु प्रभावित भएमा सोही बमोजिम राहत सामग्री तथा रकम उपलब्ध गराउन सकिनेछ।

(४) गाउँपालिकाले आर्थिक सहायता कोष अलवा अन्य स्वीकृत कार्यक्रम बाट विपद्पिडित घरबार विहिन परिवारलाई घडेरी प्रयोजनको लागि मात्र प्रति परिवार बढीमा पाँच आना जग्गा खरिद गरी उपलब्ध गराउन सक्नेछ।

**१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात:**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ :

(क) सम्वन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी, यस्ता कागजात निवेदन दिने मिति भन्दा छ महिना पुरानो भएमा मान्य हुन छैन,

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोका लागि मे डिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

१२. **आर्थिक सहयोगको निर्णय :**

(१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. ५००००।- सम्म रकमको हकमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलब्ध गराउनु परेमा कार्यपालिकाको बैंठकले निर्णय गर्नुपर्नेछ ।

(३) दफा ९ को उपदफा (१) बमोजिमको सामाग्री तत्काल उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ ।

(४) औषधी उपचार सहयोग उपलव्ध गराउंदा गाउँपालिका अध्यक्षले तोक आदेश गरी आर्थिक प्रशासन शाखा समेतबाट बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृतलाई पठाए पछि आवश्यक प्रकृया पुगेको भएमा सहयोग रकम प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ५

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१३. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था :**

(१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६

## विविध

**१४. आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्ने :**

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१५. जाँच पास तथा फरफारक**

(१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. कार्यविधिको संशोधन :**

(१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१७. बचाऊ र खारेजी:**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः २०७७।०६।२६**

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**